# प्रेस विज्ञप्ति

NFRJ
NEPAL FORUM FOR RESTORATIVE JUSTICE

२०८० असोज २१ गते

नेपाल सरकारको २०८० असोज १६ गते बसेको मन्त्रिपरिषद्को बैठकले फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७ को (च), दफा २९ र दफा ४९ मा रहेको प्यारोलसम्बन्धी व्यवस्थाको आगामी कात्तिक १ गतेदेखि कार्यान्वयनमा ल्याउने निर्णयप्रति "नेपाल पुनर्स्थापकीय न्याय मञ्च" हार्दिक स्वागत गर्दछ।

नेपालका कानुनमा पुनर्स्थापकीय न्यायसम्बन्धी विविध व्यवस्थाहरु मध्ये "एक वर्षभन्दा बढी कैद सजाय पाई कैदसजायको दुई तिहाईभन्दा बढी अवधि भुक्तान गरिसकेको र राम्रो आचरण भएको कसुदारलाई प्यारोलमा राख्न सकिने" व्यवस्थालाई आगामी कात्तिक १ गतेदेखि कार्यान्वयनमा ल्याउने नेपाल सरकारको यस निर्णयलाई नेपाल पुनर्स्थापकीय न्याय मञ्च हार्दिक स्वागत एवम् आभार व्यक्त गर्दछ।

यसै गरी उल्लिखित फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ मा भएका  विभिन्न प्रकारका पुनर्स्थापकीय न्याय सम्बन्धी व्यवस्थाहरु जस्तै कैद सजाय निलम्बन गर्न सकिने, सुधार गृहमा पठाउन सकिने, पुनर्स्थापना केन्द्रमा पठाउन सकिने, सप्ताहको अन्तिम दिन वा रात्रीकालीन समयमा मात्र कारागारमा बसी कैद भुक्तान गर्न सकिने, खुल्ला कारागारमा राख्न सकिने, सामाजिकीकरण गराउनु पर्ने, कैद बापत शारीरिक श्रममा लगाउन सकिने, कारागार बाहिर जान दिन सकिने, सुधारात्मक कार्यक्रम सञ्चालन गर्नु पर्ने जस्ता व्यवस्थाहरुको पनि यथाशीघ्र क्रमश: कार्यान्वयनका लागी नेपाल पुनर्स्थापकीय न्याय मञ्च नेपाल सरकार समक्ष हार्दिक अपिल गर्दछ।

साथै बाल न्यायको प्रभावकारी कार्यान्वयनको लागि बालबालिका सम्बन्धी ऐन, २०७५ मा भएका पुनर्स्थापकीय न्यायका व्यवस्थाहरुको पनि यथाशीघ्र कार्यान्वयन पनि अपेक्षा लिएको छ।

अन्त्यमा यस निर्णयका लागि नेपाल सरकार, महान्यायाधिवक्ताको कार्यालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र पुनर्स्थापकीय न्यायका न्याय पद्धति र अभ्यासको वकालत र प्रवर्द्धनका हिमायती तथा अभियन्ताहरुप्रति"नेपाल पुनर्स्थापकीय न्याय मञ्च" आभार व्यक्त गर्दछ।

नेपाल पुनर्स्थापकीय न्याय मञ्च

नेपाल पुनर्स्थापकीय न्याय मञ्च नेपालमा पुनर्स्थापना, सम्वाद र शान्ति निर्माणको क्षेत्रमा स्थापनाकालदेखि नै औपचारिक र सामुदायिक प्रणालीहरूमा पुनर्स्थापकीय न्यायका सिद्धान्त र अभ्यासहरूलाई राष्ट्रिय, क्षेत्रीय एवम् अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्न कार्यरत र संलग्न रहेको गैरसरकारी एवम् गैरनाफामूखी संस्था हो। खास गरी पछिल्लो समयमा राज्यका न्यायिक तथा गैरन्यायिक क्षेत्रमा विवाद समाधानका लागि  सर्वाधिक प्रचलित र प्रयोग भएको पुनर्स्थापकीय न्याय पद्धतिर पुनर्स्थापकीय अभ्यास तथा पद्धतिको प्रयोगका लागि अनवरत कार्यरत पहिलो संस्था हो।